# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७१।४।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल आषाढ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।३।१० गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री विवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १(एक)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सि.न.पा. मा सञ्चालित एकिकृत शहरी विकास आयोजना अन्तरगत परिचालित NGO बाट गरिने CDP कार्यक्रमको लागी यस न.पा. बाट छनौट भई PPTA मा १७ टोल समावेश भई सकेकोमा न.पा. का केही अति पछाडी परेका र शहरी गरिबीको रेखा भित्र पर्ने वस्ती/टोलहरु छुट हुन गएको हुँदा निम्न टोल/वस्तीहरु समावेश गरी NGO बाट गरिने CDP कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निम्न**

१. वडा नं. १०  –  शंकरपुर डिहवा
२. वडा नं. ९  –  कठौतिया
३. वडा नं. ६  –  विष्णुपथ

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकामा गठित M- WASH-CC को मिति २०७१।३।९ गतेका दिन बसेको बैठकबाट भए गरेका निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१. सिद्धार्थनगर नगरपालिकामा गठित M-WASH-CC द्वारा मिति २०७०।११।३० गतेका दिन ODF सम्बन्धी गठित अनुगमन समितिको प्राप्त प्रतिवेदन अनुसार सि.न.पा. वडा नं. ७ मा रहेका सम्पूर्ण घरहरुमा चर्पि निर्माण गरी सबैले प्रयोग गरी रहेको हुंदा उक्त वडालाई खुलादिशा मुक्त घोषणा गर्नका लागि सि.न.पा. लाई सिफारिश गर्ने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिका वडा नं. ७ लाई खुला दिशा मुक्त वडा घोषणा गर्नका लागि वडा नं. ७ मा गठित उपसमितिका सबै पदधिकारीहरु, तथ्यांकन संकलकहरु, सहयोग उपलब्ध गराउने महानुभावहरुका साथै अनुगमन समितिका सबै पदाधिकारीहरु लगायतका महानुभावहरुलाई घोषणा सभामा प्रमाणपत्र सहित सम्मान गर्नका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

३. सि.न.पा. वडा नं. ७ लाई खुला दिशा मुक्त वडा घोषणा गर्नका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाई दिन सि.न.पा.लाई अनुरोध गर्ने निर्णय गरियो ।

४. सि.न.पा. वडा नं.७ लाई खुला दिशा मुक्त वडा घोषणा गर्ने कार्यक्रम रहेको हुंदा सि.न.पा. वडा नं. ७ मा रहेका सम्पूर्ण घरहरुमा चर्पि निर्माण भई सबैले प्रयोग गरहेको पाईएको हुंदा उक्त वडाको कुनै पनि सार्वजनिक वा शौचालय बहिर दिशा गरेको पाईएमा दिशा गर्ने व्यक्तिलाई प्रति पटक रु. १०००।- जरिवाना वडामा गठित उपसमितिले लिन सक्नेछ र बाहिर दिशा गरेको सूचना दिने व्यक्तिलाई जरिवानाको आधा रकम रु. ५००।- पुरस्कार वापत सोही जरिवानाबाट दिनु पर्नेछ । सो कार्य गर्नका लागि आचार संहिता निर्माण गरी लागू गर्न आवश्यक व्यवस्थाका लागि न.पा. लाई अनुरोध गर्ने निर्णय गरियो ।

५. सि.न.पा.वडा नं.७ मा रहेका सम्पूर्ण घरहरुमा सम्पूर्ण घरधुरीले चर्पि निर्माण गरी प्रयोग गरेको अनुगमन समितिको प्राप्त विवरणमा उल्लेख भई आएको हुंदा उक्त वडालाई खुला दिशा मुक्त वडा घोषणा गर्ने कार्यक्रम रहेको हुंदा उक्त कार्यक्रममा आवश्यक सहयोग एवं समन्वय गरी दिन श्री जिल्ला विकास समितिको कार्यालय रुपन्देही र श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीलाई अनुरोध गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निणर्य नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकामा गठित M-WASH-CC द्वारा गठित कार्य सम्पादन समितिको मिति २०७१।३।९ गतेको बैठकको सिफारिश अनुसार सि.न.पा. वडा नं. ७ लाई मिति २०७१।३।१९ गतेका दिन खुला दिशा मुक्त पहिलो वडा घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

सिद्धार्थनगर नगरपालिकाको परिमार्जित क्षतीपुर्ति सहितको नागरिक वडापत्र सम्बन्धि कार्यविधि २०७० स्वीकृति गरी यही आषाढ महिना देखि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

यस कार्यालयको मिति २०७१।१।११ मा प्रकाशित ट्रेक्टर खरीद सम्बन्धि बोलपत्र सूचना अनुसार श्री एस.जी. ट्रेडर्स प्रो. निर्मला मुराव सिद्धार्थनगर वार्ड नं. १२ को एक मात्र बोलपत्र पेश हुन आए अनुसार मिति २०७१।२।११ मा सम्बन्धित कार्यालयहरुको प्रतिनीधिको रोहवरमा प्रस्ताव खोल्दा निजको प्रस्ताव सार्वजनिक खरीद ऐन २०६३ को दफा २५ बमोजिम उपयुक्त भएको र एक मात्र प्रस्ताव भए पनि उक्त प्रस्ताव ऐनको दफा २६ को उपदफा २ अनुसार स्वीकृत गर्न सकिने भएको र सो प्रस्ताव कार्यालयको ल.ई. रकम भन्दा २७.२३ प्रतिशतले घटी भएकोले ऐनको दफा २७ को २ बमोजिम प्रस्ताव स्वीकृतिका लागी छनौट गर्न उपयुक्त देखिएको भनी मिति २०७१।३।८ को मूल्याङ्कन समितिले सिफारिश गरे अनुसार उक्त श्री एस.जी. ट्रेडर्स प्रो. निर्मला मुरावको रु २४,७३,९९९।९९ को प्रस्ताव स्वीकृत गरी जगेडा कोषमा रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

बोलपत्र मुल्याङ्कन समितिको मिति २०७१।३।४ को बैठकको निर्णय अनुसार नगर विकास कोष र नगरपालिकाको लागत सहभागितामा वार्ड नं. ५(पाँच) हाट बजारमा निर्माण हुने सामुदायिक भवन निर्माण सम्बन्धि सबै भन्दा कम प्रस्ताव भएको शितला निर्माण सेवाको रु ४६,०३,३६५।८८ को प्रस्ताव सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ बमोजिम स्वीकृतिका लागी छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

सिद्धार्थनगर नगरपालिका र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जगेडा कोषको संयुक्त लगानीमा चालु आ.ब. २०७०/०७१ को देहायका योजनाहरु सम्पन्न भएकोले अन्तिम निकासा माग गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**योजनाको नाम**

१. नाला तथा सडक पिच, वार्ड नं. ६
२. पिसिसि सडक निर्माण, वार्ड नं. १३
३. सतह ढल निर्माण, वार्ड नं. १
४. नाला तथा सडक पिच, वडा नं. ९
५. नाला तथा सडक निर्माण, वार्ड नं. २
५. कालो पत्रे सडक निर्माण, वार्ड नं. ११

## मिति २०७१।३।२७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

### निर्णय नं. १(एक)

सिद्धार्थनगर नगरपालिका अन्तरगत वडा नं. ८ रविपथ उत्तर दक्षिण दुर्गा मन्दिर हुदै विद्युत प्राधिकरण सम्म सतह ढल निर्माण कार्यको लागी मिति २०६८।१।३० मा रायमाझी/चण्डी निर्माण सेवा जे/भी. प्रो पशुपति नाथ जैसवाल वार्ड नं. २ मर्यादपुर संग सम्झौता भई २०६८ जेष्ठ मसान्तभित्र कार्य सम्पन्न म्याद तोकिएकोमा निर्माण साईटमा विवाद सृजना भई तोकिएको समयमा कार्य सम्पन्न हुन नसकि २०६९/०७० मार्ग मसान्त सम्म अन्तिम पटकको लागी म्याद थप भएको भएता पनि उक्त निर्माण कार्य गर्दा साईटमा विवाद आई काम अवरुद्ध भएको र डिवाटरिङ्ग र डाईभरसन गर्न समेत कठिनाई भएकोले काममा ढिलाई हुन गई मिति २०७०।३।३० मा निर्माण व्यवसायीबाट हर्जना नलगाई म्याद थप गरी पाउ भनी निवेदन समेत दिएकोले निजको माग प्राविधिक दृष्टिकोणले मुनासिव देखिएको हुँदा २०७०।६।३० सम्म हर्जना नलगाई म्याद थप गरी भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

### निर्णय नं. २(दुई)

तपशिल बमोजिमका योजनाहरु सम्पन्न भई सकेकोले जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्य स्थल | कार्यको नाम | ठेकेदार | भुक्तानी रकम | सम्पन्न मिति |
|---|---|---|---|---|---|
| १. | सि.न.पा.वार्ड नं. ३ दुर्गा पथ देखि विनायक पथ सम्म | बाटो निर्माण कार्य | उपभोक्ता समिती | ४,२२,८२४।२२ | २०७१।१।२१ |
| २. | सि. न. पा. वार्ड नं. ८ प्रकाश पथ | नाला निर्माण कार्य | उपभोक्ता समिती | ३,९९,५४१।२२ | २०७१।२।४ |
| ३. | सि. न. पा. वार्ड नं. ३ शकुनी पथ | बाटो निर्माण कार्य | उपभोक्ता समिती | ९,९९,१६९।२९ | २०७१।२।७ |
| ४. | वार्ड नं. ७ सप्तऋषि पथ भित्रीसडक स्वस्तीक पथमा | सडक पिच गर्ने कार्य | बरही निर्माण सेवा – ८ | १,०८,३२६।५० | २०७१।२।८ |
| ५. | सि. न. पा. वार्ड नं. ३ अमर पथ | नाली निर्माण कार्य | उपभोक्ता समिती | २,६८,९५२।४९ | २०७१।२।४ |
| ६. | वार्ड नं. १० शंकरपुर,बुद्ध पथ पश्चिम जनता पथ | ह्युम पाईप सप्लाई | लुम्बिनी पि.ए.सी. | १,४६,६४२।९३ | २०७०।१२।२४ |
| ७. | वार्ड नं. २ मेउडीहवा भित्री गाउँमा कोटईमाई मन्दिर जाने बाटोमा | ह्युम पाईप सप्लाई | लुम्बिनी पि.ए.सी. | २८,५१०।३५ | २०७०।३।११ |




**”एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा“ - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | सि.न.पा. वडा नं. ८ कुमारी बैंक पश्चिम | सडक पिच कार्य | म्युचुयल कन्स्ट्रक्शन | ३,६१,६५९।०६ | २०६९।३।२४ |
| ९. | सि. न. पा. वडा नं. ९ गोलिगढ उत्तर | सडक मर्मत कार्य | पुनः जागरण निर्माण सेवा | १,४९,५८८।०४ | २०६८।३।१९ |
| १०. | सि.न.पा. वडा नं. ९ नयाँ कलोनी | सडक पिच कार्य | म्युचुयल कन्स्ट्रक्शन | ४,८५,११६।१६ | २०६८।२।२९ |
| ११. | वार्ड नं. ६ अशोक पथ दक्षिण बाटोमा | ह्युम पाईप तथा माटो पाट्ने कार्य | अहमद निर्माण सेवा | १,४९,३६७।१३ | २०७१।२।१३ |
| १२. | वार्ड नं. ५ सिद्धार्थ ज्ञान मन्दिरमा | रंग रोगन गर्ने कार्य | ए. पी. कन्स्ट्रक्शन | १,४४,९११।४२ | २०७१।२।१२ |
| १३. | सि. न. पा. वडा नं. ७ बुद्ध पथ | सडकमा पक्की नाला तथा सडक कालो पत्रे | शितला निर्माण सेवा | ६,१६,९४६।४७ | २०७१।२।१३ |
| १४. | सि. न. पा. वडा नं. ७ मेलमिलाप पथ | सडक पिच कार्य | एस.एस. निर्माण सेवा | ६,६०,९७३।५० | २०७१।२।१४ |
| १५. | वार्ड नं. ७ हिमाली पथ उत्तर | तार बार घेर्ने कार्य | ऋषभ कन्स्ट्रक्शन | १,०५,५९९।८१ | २०७०।११।९ |
| १६. | सि. न. पा. वडा नं. ९ अटोभिलेजमा | मिस्कट छर्रि खसाल्ने कार्य | मंगलम ढुवानी सेवा | १,४९,३६५।८२ | २०७१।१।२२ |
| १७. | वार्ड नं. ७ र ९ मन्जरी पथमा | नाला निर्माण कार्य | अहमद निर्माण सेवा | ६,६०,९७३।५० | २०७१।२।१४ |
| १८. | वार्ड नं. ७ भृकुटी पथमा | सडक मर्मत तथा नाला मर्मत | दृष्टि निर्माण सेवा | १,४५,०९६।२१ | २०७०।२।३० |
| १९. | सि. न. पा. वार्ड नं. ३ | एक्साभेटरबाट नाली खन्ने कार्य | जे. सी. डी. सप्लायर्स | १,४०,५६६।३५ | २०७१।२।१४ |
| २०. | सि. न. पा. वार्ड नं. ४ | सतह ढल निर्माण कार्य | चण्डी निर्माण सेवा | २६,८९,७९७।२६ | २०७०।९।२९ |
| २१. | सि.न.पा.वडा नं. ११ पिपरहिया देखि भुजौली | सडक कालो पत्रे निर्माण कार्य | एस.एस. निर्माण सेवा | ३३८७७९८।३९ | २०७१।२।११ |
| २२. | सि.न.पा. वार्ड नं. ६ अशोक पथ देखि शुरु भई दुर्गा मन्दिर देखि दक्षिण निर्माण होटल सम्म | नाला तथा सडक पिच कार्य | शितला निर्माण सेवा | २३,७६,७२८।५२ | २०७१।२।३० |
| २३. | सि.न.पा.वार्ड नं. १३ श्रद्धा पथ | पि.सि.सि. सडक निर्माण कार्य | ए. पी. कन्स्ट्रक्शन | २९,२३,६६८।६८ | २०७१।२।१६ |
| २४. | सि.न.पा.वार्ड नं. १ बेलहिया मा.वि. हुँदै मान सरोवर सम्म | सतह ढल निर्माण कार्य | दृष्टि निर्माण सेवा | ३२,३३,५६७५१ | २०७१।२।३० |
| २५ | सि.न.पा. वार्ड नं. २ मेउडिहवा देखि डण्डा पुल सम्म | नाला तथा सडक निर्माण कार्य | ब्रेभ कन्स्ट्रक्शन | २६,५९,६०५।७६ | २०७१।२।२९ |
| २६ | सि.न.पा. वार्ड नं. ८ शिव मन्दिर जाने बाटो क्षितिज पथ | नाली निर्माण कार्य | उपभोक्ता समिती | ३,९४,१५३।५६ | २०७१।२।५ |
| २७ | सि.न.पा.वार्ड नं. ४ दोगहरा | सिद्धार्थ धर्मशाला निर्माण कार्य | उपभोक्ता समिती | ७,९४,२५३।६४ | २०७१।३।११ |
| २८ | सि.न.पा. वडा नं. ९ नयाँ कलोनी भानु स्कुल(भानु पथ) हुदै गोली गढ सम्म | नाला तथा सडक पिच कार्य | तन्नु निर्माण सेवा | ३२,१७,९१७।२२ | २०७१।३।८ |

## निर्णय नं. ३(तिन)

आ.ब. २०७०/७१ मा सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न योजनाहरु अनुगमन गरी पेश गरेको प्रतिवेदन माथी छलफल भयो । आगामी आ.ब. मा अझ प्रभावकारी रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्न कार्य योजना बनाई योजना अनुगमन गर्न समितिलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. ४(चार)

सिद्धार्थनगर नगरपालिकाको मिति २०७१ असार २० गते भएको सार्वजनिक सुनुवाईको प्रतिवेदन प्राप्त भई छलफल गरियो । सार्वजनिक सुनुवाईमा आएका सुझावहरु क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ५(पाँच)**

चालु आ.ब. २०७०/७१ मा विभिन्न खर्च शिर्षक रकम नपुग भै नियमानुसार रकमान्तर गरी गरेको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०७१/७२ को लागी न.पा. को सत्रौं नगरपरिषद्धारा स्वीकृत योजनाहरुको वार्षिक कार्यतालिका(कार्य योजना) स्वीकृत गरी सोही कार्यतालिका अनुसार योजनाहरु संचालन गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ७(सात)**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०७१/७२ को लागी न.पा.को सत्रौं नगरपरिषद्धारा स्वीकृत योजनाहरुको वार्षिक खरीद योजना स्वीकृत गरी सोही खरीद योजना अनुसार योजनाहरु संचालन गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ८(आठ)**

सिद्धार्थनगर नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्यरत श्रमजीवि पत्रकारहरुलाई बार्षिक रुपमा पुरस्कृत गर्ने नीति बमोजिम चालु आ.ब. २०७०/०७१ देखि श्रमजीवि पत्रकारिता पुरस्कारको मुल्याँङ्कन समितिमा निम्नानुसारको समिति रहने निर्णय गरियो ।

**श्रमजीवि पत्रकाररिता पुरस्कार मूल्याँङ्कन समिति**

| | |
|---|---|
| संयोजक | :– श्री सिद्धार्थनगर नगरपालिकाको प्रमुख/कार्यकारी अधिकृत |
| सदस्य | :– श्री नेपाल पत्रकार महासंघ रुपन्देही प्रतिनीधि |
| सदस्य सचिव | :– सूचना अधिकृत, सिद्धार्थनगर नगरपालिका कार्यालय |

**निर्णय नं. ९(नौ)**

सिद्धार्थनगर नगरपालिकाको १६ औं नगरपरिषदबाट यस नगरपालिकामा आ.ब. २०७०/७१ का लागी सडकबोर्ड नेपालबाट सडक मर्मत संभारका लागी प्राप्त भएको रकम रु ६०,००,०००।- अक्षेरुपी साठी लाख) बाट यस नगरपालिका क्षेत्रको शहरी सडकहरुमा मर्मत संभार गर्ने निर्णय भए अनुसार सडक बोर्ड बाट प्राप्त रकममा ३० प्रतिशत रकम न.पा. ले थप गरी जम्मा रकम रु ८५,७३,०००।- (अक्षेरुपी पचासी लाख त्रिहत्तर लाख) को कुल लागत अनुमानमा निर्माण गर्ने कार्यको लागी ठेक्का प्रकृयाबाट गर्न बोलपत्र आव्हान गरी सूचना प्रकाशित गर्दा सि.न.पा. वार्ड नं. ९ को प्राकृतिक ट्रष्टि जे/भी ले पेश गरेको रु ६९,६२,७१८।२८ को बोलपत्र स्वीकृत भई न.पा. बाट कार्यादेश दिईएकोमा हाल निर्माण व्यवसायी ठेकेदारबाट कार्य सम्पन गरेको रु ७५,२६,७०२।२९ को बिल पेश गरेकोले सडक बोर्ड नेपालमा अन्तिम किस्ता रकम निकासा माग गर्ने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np